स्थानीय सरकार
Local Government
पथरी शनिश्चरे नगरपालिका
Pathari Shanishchare Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पथरी , मोरङ , कोशी प्रदेश , नेपाल
Pathari, Morang, Koshi Province, Nepal

पत्र संख्या : २०८२/०८३
चलानी नं. : _ _ _ _ _

**कवाडीजन्य सामग्रीको ठेक्कामार्फत् कर संकलन गर्नका लागी सिलबन्दी दरभाउ पत्र सम्बन्धी सार्वजनिक सूचना ।**

सूचना प्रकाशन मिति : २०८२/०४/१५ गते

पथरी शनिश्चरे नगरपालिका क्षेत्रभित्र आ.व. २०८२/८३ मा कवाडी मालसामानमा कर संकलनको लागि निम्न बमोजिमको रकममा बढाबढ हुने गरी सिलबन्दी दरभाउपत्र लगाउनुपर्ने भएकाले निम्न अनुसारका शर्तको अधीनमा रही दरभाउपत्र पेश गर्नुहुन इच्छुक व्यक्ति , फर्म , कम्पनी वा संस्थाहरु लगायत सबैको लगि यो सूचना प्रकाशन गरिएको छ ।

| आय ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम कबोल अंक (भ्याटबाहेक) | धरौटी रकम | दरभाउपत्र फारम दस्तुर | फारम खरिद गर्ने र पेश गर्ने अन्तिम मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१ /२०८२ /०८३ | कवाडी वस्तुमा लाग्ने करमार्फत आन्तरिक आय संकलन ठेक्का | वार्षिक रु ६,०५,०००/- (अक्षरुपी रु. छ लाख पाँच हजार) मात्र | कबोल अंकको कम्तिमा १०(दश) प्रतिशतले हुन आउने रकम । | रु १,०००/- (अक्षरेपी रु एक हजार मात्र) । | खरिदको लागि सूचना प्रकाशन भएको १५ औं दिनको कार्यालय समयसम्म र पेश गर्ने १६ औं दिनको मध्याह्न १२:०० बजेसम्ममा । | |

यस सम्बन्धी शर्तहरु लगायत अन्य विस्तृत जानकारीको लागि कार्यालय समयमा सम्पर्क राखि जानकारी लिन सकिनेछ वा कार्यालयको वेबसाइट https://patharishanishcharemun.gov.np/ मार्फत हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

## पथरी शनिश्चरे नगरपालिका , नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०४/१५ गते प्रकाशन भएको कवाडीको ठेक्का मार्फत कर संकलनको लागि सिलबन्दी दरभाउपत्र सम्बन्धी सार्वजनिक सूचनाबमोजिमका शर्तहरु :

शर्तहरु :

१. सिलबन्दि दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको नाममा रहेको वाणिज्य बैँकको खाता नं. २५६०१००३०१०१०००२ मा जम्मा गरेको भौचर वा कार्यालयको राजश्व शाखामा जम्मा गरेको रसिद संलग्न राखी खरिद गर्न सकिनेछ।

२. सिलबन्दी दरभाउपत्रको साथ व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी , फर्म भए नवीकरण भएको व्यवसाय दर्ता , मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नुपर्नेछ । कबोल रकमको कम्तीमा १० (दश) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खाता नं. २५६०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

३. कबोल गरेको रकम अंक र अक्षरमा दुवैमा प्रस्ट उल्लेख गर्नुपर्नेछ । कबोल गरेको रकमको अंक र अक्षर फरक परेमा अक्षरको कबोल रकमलाई मान्यता दिइनेछ । टिपेक्स प्रयोग गरेको वा केरमेट गरेको सिलबन्दी दरभाउपत्र फारम मान्य हुने छैन ।

४. सिलबन्दी दरभाउ पत्र सूचना प्रकाशन भएको मितिले १५ औँ दिनको कार्यालय समयभित्रमा कार्यालयबाट खरिद गरी १६ औं दिनको मध्याह्न १२:०० बजे सम्ममा पेश गरी सक्नु पर्नेछ । साथै पेश हुन आएका सिलवन्दी दरभाउपत्र ठेकेदार वा निजको प्रतिनिधीको उपस्थितिमा उक्त १६ औं दिनको दिउँसो २:०० बजे खोलिनेछ । यदि ठेकेदार वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. बुँदा नं. ४ अनुसारका सिलबन्दी दरभाउ पत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिनलाई मान्यता दिइनेछ।

६. कवाडीजन्य मालसामानको व्यवसायिक कारोबार गर्ने ब्यक्ति , फर्म , कम्पनीसँग नगरपालिकाले तोकेको दररेटमा कर संकलन गर्नु पर्नेछ ।

७. कुल ठेक्का रकम सम्झौता गर्दाकै बखत एकमुष्ट बुझाएको खण्डमा १०% छुट दिइनेछ तर सोमा लाग्ने मु.अ.कर रकममा भने छुट हुने छैन ।

८. किस्तामा रकम बुझाउन चाहने कबोलकर्ताले सम्झौता गर्दाकै बखतमा सम्झौता रकमको ५०% र बाँकी रकम २०८२ साल माघ मसान्त सम्ममा कार्यालयमा बुझाउनु पर्नेछ । यसरी किस्तामा रकम बुझाउँदा कबोलकर्ताले सम्झौता गर्दाकै बखतमा सम्झौता रकमको ५०% रकम कार्यालयमा बुझाएर र बाँकी रकमका लागि उक्त बाँकी रकम खाम्ने गरी २०८३ श्रावण मसान्तसम्मको मान्य अवधि भई नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त ''क'' श्रेणीको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

९. ठेक्का रकममा लाग्ने मूल्य अभिवृद्धि बापतको रकम सम्झौता हुँदाकै बखत चुक्ता नगरी ठेक्का सम्झौता गरिनेछैन ।

१०. कबोल कर्तालाई ठेक्का अवधिमा भएका कुनै पनि बन्द , हडताल , महामारी लगायत अन्य मानवसिर्जित घटनाका आधारमा कार्यालयले ठेक्का रकममा छुट/मिनाहा गर्ने छैन ।

११.सूचनामा उल्लिखित न्यूनतम कबोल अंक अंक वार्षिक भएकाले सिलबन्दी दरभाउपत्रमा उल्लेख गरिएको कबोल अंकलाई वार्षिक मानी यस आ.व.को सुरुबाट सम्झौता मितिसम्मको अवधिको हुन आउने रकम हिसाब गरी सो रकमलाई कुल कबोल अंकबाट घटाएर खुद कबोल अंक निर्धारण गरिनेछ ।

१२.सिलबन्दी सम्वन्धि दररेट तथा अन्य कागजात कार्यालयको Website https://patharishanishcharemun.gov.np/ मार्फत हेर्न सकिनेछ।

**१३.**यस सूचनामा उल्लेख भएको कुराहरुको हकमा यसै सूचना अनुसार र नभएको हकमा प्रचलित कानून अनुसार हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत